नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग

☎ ४-२२७५७४, ४-२२०३०३, ४-२२१२३१, ४-२१६३७९, ४-२२१७४४
फ्याक्स : ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

बबरमहल,
काठमाडौं, नेपाल

मितिः- २०७४।६।२४

.प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या :- ०७४।७५
च. नं. :- २३६०

**विषय :- परिपत्र सम्वन्धमा ।**

श्री जिल्ला वन कार्यालय
सवै ।

प्रस्तुत विषयमा मिति २०७४।६।२४ गते गोरखापत्र दैनिकमा प्रकाशित सामान्य प्रशासन मन्त्रालयको सूचनाको फोटोकपि यसैसाथ संलग्न छ । व्यहोरा सोही सूचनाबाट अवगत गर्नु भई सो अनुसार आ-आफ्नो कर्मचारीहरुको सिटरोल दर्ता/अध्यावधिक गर्नु गराउन हुन आदेशानुसार अनुरोध छ ।

(सन्तोष कुमार पौडयाल)
शाखा अधिकृत

गोरखापत्र २०७४।६।२४

# नेपाल सरकार

## सामान्य प्रशासन मन्त्रालयको

## अत्यन्त जरुरी सूचना ।

निकट भविष्यमा कानुन बमोजिम कर्मचारी समायोजन गर्नुपर्ने हुँदा निजामती सेवा, नेपाल स्वास्थ्य र नेपाल संसद सेवाको पदमा कार्यरत कुनै कर्मचारीको कर्मचारी संकेत नं. (सिटरोल नं..) सहितको बैयक्तिक विवरण अध्यावधिक गर्न/गराउन र निजामती कितावखानामा वैयक्तिक विवरण (सिटरोल) दर्ता नभएको भए यो सूचना प्रकासन भएको मितिले १०(दश) दिनभित्र आफु कार्यरत कार्यालय मार्फत् वैयक्तिक विवरण (सिटरोल) दर्ता/अद्यावधिक गर्नुहुन यो सूचनाद्धारा जानकारी गराईन्छ । साथै सम्वन्धित कार्यालयले समेत वैयक्तिक विवरण (सिटरोल) दर्ता गर्न बाँकी रहेका कर्मचारीको विवरण भर्न लगाई प्रमाणित गरी निजामती किताबखानामा पठाउनु हुन र व्यक्तिगत विवरण दर्ता नभएको कर्मचारीलाई २०७४ आश्विन महिना देखिको तलव भत्कानी नगर्नु हुन समेत जानकारी गराईन्छ । साथै समयमै पछिल्लो विवरण अध्यावधिक नगराएको कारण समायोजनमा कुनै समस्या आएमा सोको सम्पूर्ण जिम्मेवारी स्वयं कर्मचारीको हुने समेत जानकारी गराईन्छ ।

विस्तृत जानकारीको लागि निजामती किताबखानाको सम्पर्क नं. ५०१०१३८ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।